नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

२०८०/०८१ अङ्क-२ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-७० (पूर्णाङ्क २७५)

विद्यालय सामाजिक परीक्षण मापदण्ड गर्ने गराउनेसम्बन्धी सबै स्थानीय तहहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध।

विद्यालय शिक्षालाई सहभागितामूलक, पारदर्शी एवं जवाफदेहि बनाई, विद्यालय शिक्षा पद्दतिको सुदृढीकरण गर्ने उद्देश्यले विद्यालयमा सामाजिक परीक्षण हुदै आएको छ। नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भइ कार्यान्वयनमा रहेको विद्यालय सामाजिक परीक्षण मापदण्ड- २०७८ बमोजिम सामाजिक परीक्षण गर्न गराउन देहाय अनुसारको व्यवस्था मिलाउनहुन अनुरोध छ।

(१) शिक्षा नियमावली २०५९ (संशोधन सहित) नियम १७१ (क) बमोजिमको समितिबाट विद्यालय सामाजिक परीक्षण गर्ने गराउने व्यवस्था मिलाउने।
(२) सामाजिक परीक्षणका लागि गरिने तयारी, छलफल एवं निर्णय गर्दा स्थानीय तहको सामाजिक/शिक्षा समितिको संयोजक वा प्रतिनिधिको सहभागिता गराउने।
(३) समितिले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक, व्यवस्थापकीय पक्षको मूल्याङ्कन गरी तयार गरेको प्रतिवेदन सरोकारवालाहरूको भेला गराई छलफलका लागि प्रस्तुत गर्ने।
(४) सामाजिक परीक्षणका लागि गठित प्रावधिक उपसमितिले प्रतिवेदन तयार गर्दा एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली Integrated Educational Management Information System (IEMIS) बाट School Report Card लाई आधार बनाउने।
(५) सामाजिक परीक्षण गरिएको मिति (IEMIS) को Excell File मा अनिवार्य रूपमा अपडेट गरी वेबपेज (iemis.cehrd.gov.np)मा अपलोड गर्ने व्यवस्था मिलाउने।
(६) विद्यालयबाट समितिले तयार गरेको प्रतिवेदन स्थानीय तहको शिक्षा विभाग वा महाशाखा वा शाखामा पेस गर्ने व्यवस्था मिलाउने।
(७) पेस भएको सामाजिक परीक्षण प्रतिवेदन अध्ययन गरी विद्यालयको प्राप्ताङ्कका सम्बन्धमा थप स्पष्ट गर्न आवश्यक देखिएमा स्थलगत रूपमा निरीक्षण अनुगमन वा छलफल गरी प्राप्तांक पुनरावलोकन गर्ने ।
(८) अङ्क पुनरावलोकन पश्चात कायम भएको मूल्याङ्कनमा विद्यालयहरूले प्राप्त गरेको नतिजा उच्चतम अङ्कदेखि न्युनतम अङ्क सहितको समष्टिगत प्रतिवेदन स्थानीय तहले सार्वजनिक गर्ने।
(९) सार्वजनिक भएको नतिजाको संक्षिप्त प्रतिवेदन स्थानीय तहबाट शिक्षा विकास तथा समन्वय इकाइमा र इकाइले संक्षिप्त प्रतिवेदन शिक्षा तथा मान स्रोत विकास केन्द्रमा पठाउनुपर्ने।
(१०) विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि प्रक्रिया र पद्दति बमोजिम सामाजिक परीक्षण गरी उच्चतम अङ्क प्राप्त प्राप्त गरेको विद्यालयलाइ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को परिधिभित्र रही शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि छनोट गर्ने।
(११) सामाजिक परीक्षण गरेका विद्यालय र उनीहरूले प्राप्त गरेको प्राप्ताङ्क सहित शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका विद्यालयको सूची स्थानीय तहले आफ्नो वेब साइटमा प्रकाशन गर्नुपर्नेछ।

कक्षा ११ र १२ मा विज्ञान (भौतिक विज्ञान, रसायन विज्ञान, एवम् जीव विज्ञान) पठनपाठन गरिरहेका विद्यालयको जानकारी पठाउने सम्बन्धी अनुरोध

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयनसँगै कक्षा ११ र १२ मा संकायगत पठनपाठनको सट्टा विद्यार्थीहरूले विषय छनोट गर्न पाउने र सोही अनुसार पठनपाठन गर्ने व्यवस्था रही आएको विषय सबैमा विदितै छ। विज्ञान विषयको अध्ययन अवसर बृद्धि गर्नका लागि गत शैक्षिक सत्र २०७९ र चालु शैक्षिक सत्र २०८०मा कक्षा ११ मा विज्ञान (भौतिक विज्ञान, रसायन विज्ञान, एवम् जीव विज्ञान) पठनपाठन शुरू गरेका विद्यालयको नाम र विज्ञान विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या उपलब्ध गराउनु हुन अनुरोध छ।

स्थानीय तह :

क्र स	कक्षा ११ र १२ मा विज्ञान (भौतिक विज्ञान, रसायन विज्ञान, एवम् जीव विज्ञान) विषय पढाउने विद्यालयको नाम	भौतिक विज्ञान, रसायन विज्ञान, एवम् जीव विज्ञान विषय लिई अध्ययनरत विद्यार्थी सङ्ख्या	
		कक्षा ११	कक्षा १२

हालसम्म आफ्नो स्थानीय तहभित्रका कुनैपनि विद्यालयमा विज्ञान (भौतिक विज्ञान, रसायन विज्ञान, एवम् जीव विज्ञान) विषय पठनपाठन नभएका स्थानीय तहबाट विज्ञान विषय पठनपाठनसम्बन्धि कुनै निर्णय वा योजना बनेको भए सोसमेतको जानकारी गराइ सहयोग गरिदनुहुन अनुरोध छ।

५७औँ अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउने सम्बन्धी सूचना

दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरताको प्रवर्द्धन

"**Promoting literacy for a world in transition; Building the foundation for sustainable and Peaceful societies.**"

५७औँ अन्तर्राष्ट्रिय साक्षरता दिवस, २०८० भाद्र २२ (September 8, 2023) गते दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरताको प्रवर्द्धन भन्ने मूल आदर्श वाक्यका साथ प्रदेश, जिल्ला तथा स्थानीय तहहरूले शिक्षक, विद्यार्थी, अभिभावक, नागरिक समाज, पत्रकार, राजनैतिक दल, सामूदायिक सिकाइ केन्द्रहरू, विभिन्न विकास साझेदार संस्थाहरू तथा अन्य सरोकारवालाहरू सँग समन्वय र सहकार्य गरी सबैको उपस्थितिमा विभिन्न रचनात्मक तथा प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरी भव्य रूपमा मनाउनुहुनको लागि सबै प्रदेश अन्तर्गत शिक्षा हेर्ने मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाइहरू र सम्पूर्ण स्थानीय तहहरुलाई अनुरोध छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.cehrd.gov.np मा हेर्नुहुन र यस केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखामा आवश्यक समन्वय गर्नुहुन समेत यसै सूचनाद्वारा अनुरोध छ।

स्वास्थ्य सतर्कता सम्बन्धी सूचना

श्री शिक्षा सम्बद्ध मन्त्रालय, ७ वटै प्रदेश
श्री स्थानिय तह, ७५३ वटै
श्री शिक्षा विकास तथा समन्वय इकाई, ७७ वटै

नेपालमा विगत वर्षहरूमा जस्तै यस वर्ष पनि मनसुनको समयमा र मनसुन सकिएपछि पानीजन्य र भाइरल रोगको प्रकोप व्याप्त देखिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) बाट श्रावण ३२, २०८० मा प्राप्त जानकारी अनुसार देशभर ७५ जिल्लामा डेंगी (Dengue) फैलिएको र १५ हजारभन्दा बढी मानिसहरू सङ्क्रमित भएका छन्। त्यसैगरी आँखा पाक्ने (Conjunctivitis) रोग देशभरका जिल्लामा तीव्र गतिमा फैलिरहेको छ। विगत केही सातादेखि सातवटै प्रदेशमा आखाँ पाक्ने (Conjunctivitis) रोगका बिरामी बढेका छन् भने विद्यालय बन्द हुँदा बालबालिकाको पढाइ अवरुद्ध भएको छ। यसै सन्दर्भमा डेंगी र आँखा पाक्ने (Conjunctivitis) जस्ता रोग छिटै फैलिने र विद्यार्थी तथा कर्मचारीहरू को स्वास्थ्यलाई असर पर्ने भएकोले शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूलाई प्रकोपको अवस्थामा सो रोगको लक्षणहरू, रोकथामका उपायहरू र सुरक्षाका लागि चाल्नुपर्ने उपयुक्त कदमहरू बारे सचेतना जगाउनका लागि सही र सान्दर्भिक जानकारीहरू प्रदान गर्नुपर्ने आवश्यकता देखिएको छ। शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूको स्वास्थ्य सुनिश्चित गर्दै पठनपाठनमा निरन्तरताका लागि डेंगी (Dengue) र आखाँ पाक्ने (Conjunctivitis) सम्बन्धी सूचना राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र (NHIECC) द्वारा विकसित IEC material (शिक्षा, र सञ्चार सामग्री) देहाय बमोजिमको सामाग्री प्रसारण गरी विद्यालयको शिक्षण सिकाई क्रियाकलापलाई सुरक्षित रूपमा निरन्तरता दिनुहुन निर्णयानुसार अनुरोध छ।

- डेंगी सम्बन्धी IEC material: https://tinyurl.com/DengueIEC123
- आँखा पाक्ने (conjunctivitis) सम्बन्धी IEC material: https://tinyurl.com/EyediseaseIEC

अत्यन्त जरूरी सूचना

"कतिपय सामुदायिक विद्यालयहरूले भौतिक निर्माणको कार्य गर्दा गराउँदा तथा विद्यालयसँग सम्बन्धित सामाग्रीहरु खरिद गर्दा गराउँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को पूर्ण रुपमा पालना नभएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखिआएको हुनाले विद्यालयहरूको भौतिक निर्माण तथा विद्यालयसँग सम्बन्धित सामग्रीहरू खरिद गर्दा अनिवार्य रूपमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधानहरू पालना गर्न गराउँन सम्बन्धित सबैलाई जानकारीका लागि अनुरोध छ।

राष्ट्रिय विज्ञान दिवस २०८० मनाउने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोध

सम्पूर्ण वैज्ञानिक, प्राविधिक, शिक्षक, विद्यार्थी र विज्ञान तथा प्रविधिको पैरवी गर्नुहुने सबै सरोकारवालाहरूलाई विज्ञान, प्रविधि, अनुसन्धान र नव-प्रवर्तनको क्षेत्रमा संलग्न सङ्घ/संस्था वा व्यक्तिहरूको बारेमा सुसूचित गर्न, यी विधाको राष्ट्रिय एकीकृत दृष्टिकोण निर्माण गर्न, वैज्ञानिक, प्राविधिक तथा नव-प्रवर्तकहरूको मनोबल उच्च राख्न तथा यस विधाप्रति भावी पुस्तालाई चाख र रूची बढाउन नेपालमा विज्ञान तथा प्रविधिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अमृत साइन्स क्याम्पस स्थापनाको अवसर पारी हरेक वर्ष असोज १ गतेका दिन राष्ट्रिय विज्ञान दिवस मनाउने गरिएको विदितै छ। यस वर्षको राष्ट्रिय विज्ञान दिवस पनि "**विज्ञान साक्षरता र उद्यमशीलता: सबल अर्थतन्त्रको आधारशिला**" भन्ने आदर्श वाक्यका साथ आगामी २०८० असोज १ गते मनाउन लागिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

यस दिवसलाई स्थानीय एवं प्रदेश स्तरका सरकारी तथा गैर सरकारी संस्थाहरूले पनि राष्ट्रिय दिवसको रूपमा भव्यताको साथ मनाउन आफू मातहतका निकायहरूमा मार्गदर्शन र सहजीकरण गरिदिनुहुन प्रदेश तथा स्थानीय सरकारहरूलाई मन्त्रालय अनुरोध गर्दछ।

यस राष्ट्रिय अवसरमा सबै विश्वविद्यालय वा अन्तर्गतका निकाय, विद्यालयहरू, शिक्षालयहरू, सार्वजनिक संस्थाहरू, औद्योगिक संस्थाहरू र अन्य सबै सरोकारवालाहरूलाई विज्ञान दिवसको अदर्श वाक्य राखी विभिन्न रचनात्मक कार्यक्रमहरू आयोजना गरी मनाउन र सोको जानकारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई गराउनुहुन अनुरोध गर्ने गरी निर्णय भए बमोजिम यस्ता कार्यक्रमहरूलाई राष्ट्रिय स्तरको मान्यता प्राप्त गर्न प्रस्ताव पेस गर्न इच्छुक संस्थाहरू र निकायहरूले मन्त्रालयको वेबसाइट www.moest.gov.np मा प्रकाशित विज्ञान दिवस मनाउन प्रस्ताव सम्बन्धी सूचना बमोजिम प्रस्ताव पेस गर्नुहुन आह्वान गर्दछौँ।

यसै सन्दर्भमा राष्ट्रिय विज्ञान दिवस २०८० को मूल समारोहको कार्यक्रम राष्ट्रिय प्रकृति संरक्षण कोषको सभाहल, खुमलटार, ललितपुरमा आगामी २०८० असोज १ गते आयोजना हुने समेत जानकारीका लागि अनुरोध छ।

राष्ट्रिय शिक्षा दिवस २०८० मनाउने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोध

राष्ट्रिय शिक्षा दिवस २०८० आगामी असोज २ गते "**समावेशी र सिपमूलक शिक्षा : स्वदेशमै युवा राष्ट्रको इच्छा**" भन्ने आदर्श वाक्यका साथ मनाउन गइरहेको व्यहोरा अनुरोध छ। यस राष्ट्रिय शिक्षा दिवस २०८० को आदर्श वाक्यसमेतलाई आत्मसात गरी आ-आफ्नो तहबाट सप्ताहव्यापी कार्यक्रमहरु तय गरी मनाउन मूल समारोह समितिका तर्फबाट देहायबमोजिम अनुरोध गर्ने निर्णय भएकोले सोहीबमोजिम गर्नु गराउनुहुन सबैमा पुनः अनुरोध गरिन्छ।

१. प्रदेश स्तरमा शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्न प्रदेश सरकार मुख्य मन्त्रीको कार्यालयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमार्फत अनुरोध गरी पठाउने र प्रदेश शिक्षा हेर्ने मन्त्रालयलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पत्राचार गर्ने।
२. स्थानीय तहमा र विद्यालय तहमा शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्न गराउन सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने। यसमा आवश्यक सहजीकरणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासंघलाई समेत अनुरोध गरी पठाउने।
३. सबै विश्वविद्यालय तथा प्रतिष्ठानहरुले ती विश्वविद्यालय र प्रतिष्ठानअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजहरूमा शिक्षा दिवस मनाउने व्यवस्थाका लागि विश्वविद्यालय अनुदान आयोग मार्फत् सबै विश्वविद्यालय र प्रतिष्ठानहरूमा लेखी पठाउन अनुरोध गर्ने।
४. पोलिटेक्निक र प्राविधिक शिक्षालयहरुमा शिक्षा दिवसका कार्यक्रमहरु सञ्चालन गर्ने गराउने व्यवस्थाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई अनुरोध गर्ने।
५. विद्यालय तहमा, स्थानीय तहमा र जिल्ला तहमा शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी मनाउने सन्दर्भमा आवश्यक सञ्चार, समन्वय र सहजीकरणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आवश्यक कार्यहरु गर्ने गराउने।
६. शिक्षासँग सम्बन्धित अन्य सरोकारवाला संस्थाहरू, ट्रेड युनियनहरु र पेसागत सङ्घ संस्थाहरू, गैह्र सहकारी संस्थाहरू, सामाजिक संघ संस्थाहरूले आफ्नो अनुकूलता हेरी शिक्षा दिवसका कार्यक्रमहरू गर्न र विद्यालय तहदेखि मूल समारोहको कार्यक्रमहरूमा सहभागिताका लागि अनुरोध गर्ने।

राष्ट्रिय शिक्षा दिवस २०८० मूल समारोहको कार्यक्रम सोही दिन दिउँसो नेपाल प्रज्ञा प्रतिष्ठानको हल कमलादी, काठमाडौँमा हुने भएकोले सहभागिताका लागि समेत हार्दिक अनुरोध गरिन्छ।

बालविकास केन्द्रको विवरण पठाउने बारे शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सबै शिक्षा विकास तथा समन्वय इकाईहरूलाई अत्यन्तै जरुरी सूचना

शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई निम्नानुसार विवरण आवश्यक भएको हुँदा स्थानीय तहगत विवरण तयार गरी २०८० भाद्र मसान्तभित्र (पछिसम्म फरक नपर्ने गरी प्रमाणित प्रति) उपलब्ध गराउनु हुन सूचित गरिन्छ।

क्र.सं.	स्थानीय तह	आ.ब.२०७३/ ०७४ सम्ममा अनुमति पाई तत्कालीन शिक्षा विभागबाट अनुदान पाइरहेका मध्ये हाल सञ्चालनमा रहेका बालविकास केन्द्रको सङ्ख्या	आ.व.२०७३/०७४ सम्ममा तत्कालीन स्थानीय निकायले स्रोत व्यवस्था गर्ने गरी अनुमति पाएका मध्ये हाल सञ्चालनमा रहेका बालविकास केन्द्रको सङ्ख्या	आ.ब.२०७४/०७५ पछि स्थानीय तहले स्रोत व्यवस्था गर्ने गरी अनुमति प्राप्त गरेका मध्ये हाल सञ्चालनमा रहेका बालविकास केन्द्रको सङ्ख्या
१				

टेलिभिजनबाट श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी सूचना

विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १०, ९, ८ र ७ का श्रव्यदृश्य पाठहरू बिहान ६:०० बजेदेखि ८:३० बजेसम्म २ घन्टा ३० मिनेट र कक्षा ६, ४, ३, २, १ र १० का श्रव्यदृश्य पाठहरू अपरान्ह ४:३० बजेदेखि साँझ ७:०० बजेसम्म २ घन्टा ३० मिनेट शनिबार बाहेक हरेक दिन नेपाल टेलिभिजनको NTV+ च्यानलबाट प्रसारण गरिँदै आइएको छ। यसरी प्रसारण गरिने श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाई दिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष अनुरोध छ। साथै सबै विद्यार्थीले उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिनेछ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको **Youtube Channel: www.youtube.com/ncedvirtual** बाट पनि आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ।

श्रव्य पाठ प्रसारण सम्बन्धी सूचना

रेडियो नेपालबाट आइतबार बाहेक प्रत्येक दिन कक्षा ९ का अनिवार्य विषयका श्रव्य पाठहरू साँझ ५:१५ देखि ५:४५ बजेसम्म र कक्षा ११ र १२ का अनिवार्य विषयका श्रव्य पाठहरू बेलुकी ८:२५ देखि ८:५५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्य पाठहरूबाट सम्बन्धित विद्यार्थीहरूले फाइदा लिनसक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष केन्द्र हार्दिक अनुरोध गर्दछ। श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिनेछ। प्रसारित उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा पनि सुन्न सकिनेछ।